## १. संविधानसभा भनेको के हो ?

संविधानसभा भन्नाले सामान्यतया नागरिकहरुले प्रत्यक्ष मतदानबाट नयाँ संविधान निर्माणका लागि चुनेर पठाएका प्रतिनिधिहरुको निकाय भन्ने बुझिन्छ । सिङगो देशलाई एक कार्यशाला मानी व्यापक नागरिक सहभागिताको सुनिश्चितता गरिएको प्रकृया अवलम्बन गरी विभिन्न भाषा, लिङ्ग, वर्ग, क्षेत्र वा सम्प्रदायका नागरिकको सक्रिय सहभागिता अनुरुप सबैको मानव अधिकारको प्रत्याभूत गरी सबै समुदायको अपेक्षा र चाहना प्रतिविम्वित हुन सक्ने खालको संविधान निर्माण हुन सकेमा मात्र नेपालमा मानव अधिकार संरक्षण र सम्वर्द्धनमा योगदान पुग्न सक्दछ ।

## २. संविधानसभाको निर्वाचनमा मानव अधिकारको सवाल

नेपाल सरकारले २०६४ मंसीर ६ गते संविधानसभाको निर्वाचनको मिति तय गरी सो अनुरुप मुलुक संविधानसभाको निर्वाचन तर्फ उन्मूख भईसकेको सन्दर्भमा

मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेज तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलनका आधारमा निर्वाचनसँग सम्बन्धित निम्न अधिकारहरुलाई सुनिश्चित गरिएको पाइन्छ।

क) संविधानसभाको बारेमा जनताहरु सुसूचित हुन पाउने अधिकार,

ख) नागरिकहरुले उम्मेदवार हुन र भयमुक्त वातावरणमा मतदान गर्न पाउने अधिकार,

ग) कुनै विचारधारा बोक्ने दलसँग आबद्ध हुने वा स्वतन्त्र रुपमा आफै आफ्नो विचार अभिव्यक्त गर्ने अधिकार,

घ) शान्तिपूर्वक भेला भई राजनैतिक क्रियाकलापहरु सञ्चालन गर्न पाउने अधिकार,

ङ) संविधानसभा निर्वाचन सम्बन्धी अपराध हेर्ने स्वतन्त्र र सक्षम न्यायपालिकाको प्रावधान तथा उक्त न्यायालयसम्मको सरल पहुँच र छिटो न्याय प्राप्त गर्ने अधिकार ।

विश्वका विभिन्न देशहरुमा भएका अभ्यासहरुलाई अध्ययन गर्दा राष्ट्रिय राजनैतिक परिवेश, नागरिकको चाहना अनुरुपका विभिन्न प्रकृया र विधिहरु अवलम्बन गरी प्रत्यक्ष निर्वाचन, अप्रत्यक्ष निर्वाचन वा दुवै किसिमको निर्वाचनद्वारा संविधानसभा निर्माण भएको पाइन्छ। संविधानसभा निर्वाचनमा राजनैनिक दलहरुले प्राप्त गर्ने मतका आधारमा सदस्यहरु मध्ये २४० वटा स्थान पहिलो हुनेले जित्ने प्रणाली, २४० वटा सीट समानुपातीक प्रणाली तथा १७ वटा स्थान मन्त्रिपरिषदको सिफारीश अनुरुप मनोनित हुने गरी जम्मा ४९७ प्रतिनिधीहरुको निर्वाचीत सभाद्वारा नयाँ संविधान निमार्ण गर्ने व्यवस्था गरीएको छ। संविधानसभाको निर्वाचनको सन्दर्भमा उठेका मानव अधिकारका सवालहरुमा व्यापक छलफल र परामर्श हुनु आवश्यक छ।

## ३. मानव अधिकार संरक्षणमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका

मानव अधिकार आयोग ऐन, २०५३ अनुसार २०५७ जेठ १३ गते गठन भएको राष्ट्रिय मानव अधिकार आयोगले आफूलाई प्रदान गरिएको मानव अधिकार संरक्षण र सम्बर्द्धन गर्ने दायित्व निर्वाह गर्दै आएकोमा नेपालको अन्तरिम संविधान, २०६३ मार्फत आयोगले संवैधानिक हैसियत प्राप्त गरेको छ। त्यसैले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज, संविधान तथा ऐनप्रदत्त जनताका मानव अधिकार संरक्षण, सम्बर्द्धन तथा परिपालनका क्षेत्रमा राज्यलाई जिम्मेवार वनाउने कार्यमा आयोगले गहन भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। **विस्तृत शान्ति सम्फौता** तथा नेपालको अन्तरिम संविधान, २०६३ मा आयोग सम्बन्धी राखिएको व्यवस्था यस प्रकार रहेका छन्।

(क) **विस्तृत शान्ति सम्फौता, २०६३ मा आयोग :**
२०६३ मंसिर ५ गते नेपाल सरकार र ने.क.पा( माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्फौताको बुदा नं. ९.४ मा **राष्ट्रिय मानव अधिकार आयोगले कानुन बमोजिम निर्वाह गर्नुपर्ने दायित्वका साथै यस सम्फौतामा उल्लेख गरिएका मानव अधिकार अनुगमन सम्बन्धी कार्यहरु पनि सम्पादन गर्नेछ** भनी उल्लेख छ। त्यसैगरीआयोगले आफ्नो कार्य सम्पादन गर्ने क्रममा मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग आवश्यक समन्वय गरी सहयोग लिन सक्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ

(ख) **अन्तरिम संविधान, २०६३ मा आयोग सम्बन्धी व्यवस्था :**
नेपालको अन्तरिम संविधान, २०६३ को भाग १५ मा राष्ट्रिय मानव अधिकार आयोगको सम्वन्धमा गरिएको व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्।

### आयोग गठन सम्बन्धी व्यवस्था (धारा १३१)

(१) नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग रहनेछ जसमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन्।
(क) मानव अधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा बिशिष्ट योगदान पु¥याएका सर्वोच्च अदालतका प्रधान न्यायाधिश वा न्यायाधिश पदबाट सेवा निवृत भएका व्यक्ति वा मानव अधिकारको संरक्षण र सम्वर्द्धन वा समाज सेवाका क्षेत्रमा बिशिष्ट योगदान पु¥याएका ख्याति प्राप्त व्यक्तिमध्येबाट एकजना अध्यक्ष
(ख) मानव अधिकारको संरक्षण वा सम्वर्द्धन तथा समाज सेवाका क्षेत्रमा क्रियासिल रही बिशिष्ट योगदान पु¥याएका ख्यातिप्राप्त व्यक्ति मध्येबाट चारजना सदस्य

(२) आयोगको अध्यक्ष तथा सदस्य नियुक्त गर्दा महिला सहित विविधता कायम गर्नुपर्नेछ ।

(३) प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा आयोगको अध्यक्ष तथा सदस्यहरुको नियुक्ती गर्नेछ ।

(४) आयोगका अध्यक्ष र सदस्यको पदावधि नियुक्त भएको मितिले छ वर्षको हुनेछ तर आयोगका अध्यक्ष तथा सदस्यहरुलाई सर्वोच्च अदालतको न्यायाधिश सरह समान आधार र समान तरिकाले हटाउन सकिने छ ।

(५) देहायको अवस्थामा आयोगका अध्यक्ष र सदस्यको पद रिक्त रहेको मानिने छ :
(क) निजले प्रधानमन्त्री समक्ष लिखित राजीनामा दिएमा ।
(ख) उपधारा ४ अनुसार निजको पदावधि पूरा भएका वा निज आफ्नो पदमा नरहेमा ।
(ग) निजको मृत्यु भएमा ।

(६) देहाय बमोजिमको योग्यता नभई कुनै व्यक्ति आयोगको अध्यक्ष वा सदस्य नियुक्त हुन सक्दैन
(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधी हासिल गरेको ।
(ख) उच्च नैतिक चरित्र कायम भएको ।

(७) आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछ ।

(८) आयोगको अध्यक्ष वा सदस्य भईसकेको व्यक्ति सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य हुनेछैन ।

### आयोगको काम, कर्तव्य अधिकार (धारा १३२) :

(१) मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयेगको कर्तव्य हुनेछ ।

(२) उपधारा १ मा उल्लेखित कर्तव्य पूरा गर्नको लागि आयोगले देहाय बमोजिमका कामहरु गर्नेछ :
(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानविन तथा अनुसन्धान गरी दोषि उपर कारवाही गर्न सिफारिस गर्ने,
(ख) मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन गर्न उदासिनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कार्वाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफरिस गर्ने,
(ग) मानव अधिकार उल्लंघन गर्ने व्यक्तिका विरुद्ध मुद्घा चलाउनुपर्ने आवश्यकता भएमा कानुन बमोजिम अदालतमा मुद्घा दायर गर्न सिफरिस गर्ने,
(घ) मानव अधिकारको सचेतना अभिबृद्धी गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,
(ङ) मानव अधिकारको उल्लंघनकर्तालाई विभागिय कारवाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,
(च) मानव अधिकारसँग सम्बन्धित र प्रचलित कानुनको आवधिक रुपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्फौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनीसकेका सन्धि वा सम्फौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाईएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,
(ज) मानव अधिकार उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुन बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेख राख्ने ।

(३) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछ :
(क) कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी

वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भिर उल्लंघन हुन लागेको वा भईसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा बिनासूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसँग सम्बन्धित लिखत, प्रमाण वा सवुद कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भईरहेको जानकारी भई तत्काल कार्वाही गर्नुपर्ने आवश्यक देखिएमा बिनासूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लंघनबाट पीडित भएको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति दिन आदेश दिने,

(ङ) कानुनमा व्यवस्था भए बमोजिम अन्य अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने वा गराउने ।

(४) यस धारामा अन्यत्र जुसुकै कुरा लेखिएको भएता पनि सैनिक ऐनको क्षेत्राधिकारको बिषयमा राष्ट्रिय मानव अधिकार आयोगलाई क्षेत्राधिकार हुनेछैन । तर मानव अधिकार र मानवीय कानुन उल्लंघनको बिषयमा कार्वाही चलाउन बाधा पर्नेछैन ।

**वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था (धारा १३३)**

आयोगले वार्षिक प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगमा वर्षभरि परेका उजुरी, त्यस्तो उजुरीका सम्बन्धमा गरेको छानविन र अनुसन्धानको विवरण, नेपाल सरकारलाई बिभिन्न विषयमा गरेको सिफारिसको विवरण, मानव अधिकार उल्लंघन गर्ने व्यक्तिबिरुद्ध कुनै मुद्धा दायर गरेको भए सोको संख्या, मानव अधिकारको संरक्षण र प्रवर्द्धनका सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ ।

**४. संविधानसभा निर्वाचन र मानव अधिकार सम्बन्धी आयोगको कार्यक्रम**

क) मानव अधिकारको अनुगमन :- संविधानसभाको निर्वाचनपूर्व, निर्वाचनको अवधिमा र निर्वाचन सम्पन्न भए पश्चात को अवधिमा समेत मानव अधिकार अवस्थाको अनुगमन गरी प्राप्त निष्कर्षको आधार मा सरकारलाई सुझाव दिने, सम्बद्ध पक्षहरुलाई ध्यानाकर्षण गराउने तथा आवश्यकता अनुसार सिफारिस गर्ने,

ख) संविधानसभा र मानव अधिकार सम्बन्धी विषयमा छलफल अन्तरक्रिया, गोष्ठी, तालीम लगायतका चेतनामूलक कार्यहरु गर्ने,

ग) संविधानसभासँग सम्बन्धि ऐन, कानून तथा नियमावली पुनरावलोकन गरी मानव अधिकारका अन्तर्राष्ट्रिय मान्यता अनुरुप गराउने सम्बन्धमा सुझाव तथा सिफारिस प्रदान गर्ने,

घ) संविधानसभा सँग सम्बन्धित कार्यमा संलग्न सरकारी निकाय, गैर सरकारी संस्था एवं नागरिक समाजसँग अन्तरक्रिया, छलफल गरी समन्वय तथा सहकार्य गर्ने,

ङ) नयाँ संविधान निर्माणको बहसमा राज्यमा विभिन्न भाषा, लिङ्ग, वर्ग, क्षेत्र वा सम्प्रदायका नागरिकको सक्रिय सहभागिताको सुनिश्चितताको लागि विभिन्न सरोकारवालाहरुसँग सहकार्य गरी नयाँ संविधान निर्माणका क्रममा मानव अधिकारको सवालहरुको वकाल गर्ने,

**५. आयोगको आग्रह**

संविधानसभाको निर्वाचन मार्फत मानव अधिकारका सवालहरुको उचित सम्बोधन गरिएको नयाँ संविधान निर्माणबाट मात्र देशमा मानव अधिकार संस्कृतिको निर्माणमा सहयोग पुग्न सक्दछ । यसका लागि राज्यका सम्पूर्ण निकायहरु, राजनैतिक दलहरु, पेशागत संगठनहरु, नागरिक समाज, बुद्धिजीवी वर्ग तथा प्रवुद्ध नागरिकहरु तथा मतदाताहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मानव अधिकार संरक्षण र सम्वर्द्धनका कार्यमा उत्पन्न चुनौतीहरुको सामना गर्न विगतमा झै राष्ट्रिय मानव अधिकार आयोगलाई सबै क्षेत्रबाट सहयोग, सद्भाव सुझाव एवं सल्लाहको आवश्यकता रहन्छ । मानव अधिकार उल्लंघनका घटनाहरुमा आयोगबाट निरन्तर रुपमा अनुगमन र अनुसन्धान गर्ने तथा संवर्द्धनात्मक कार्यहरु कायम राख्नका लागि विगतमा झै यहाँहरुको अमूल्य सहयोग, सद्भाव र सहकार्यको अपेक्षा गरिएको छ । मानव अधिकार उल्लघंन सम्बन्धी उजुरी गर्नु परेमा तथा आयोगमा क्रियाकलापहरुका सम्बन्धमा थप जानकारी आवश्यक भएमा आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु र सम्पर्क कार्यालयहरुमा सम्पर्क राख्न सक्नु हुनेछ ।


**केन्द्रीय कार्यालय**

हरिहरभवन, पुल्चोक, ललितपुर, नेपाल
पोष्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल
फोन: ०१-५०१००१५ फ्याक्स ००९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org

**क्षेत्रीय कार्यालयहरु**

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
बरगाछी, विराटनगर, मोरङ्ग, नेपाल
फोन: ०२१-५३७९३१/३२, फ्याक्स ००९७७-२१-५३७९३३
इमेल: nhrcbrt@nhrcnepal.org

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
जनप्रीय मार्ग, पोखरा, कास्की, नेपाल
फोन: ०६१-५५१८११/२२, फ्याक्स ००९७७-६१-५४२०४२
इमेल: nhrcpkr@nhrcnepal.org

मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय
शान्तिनगर, नेपालगञ्ज, बाँके, नेपाल
फोन: ०८१-५२६७०७/०८, फ्याक्स ००९७७-८१-५२६७०६
इमेल: nhrcnpj@nhrcnepal.org

सुदुर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
उत्तर बेहडी, धनगढी, कैलाली, नेपाल
फोन: ०९१-५२५६२१/२२, फ्याक्स ००९७७-९१-५२५६२३
इमेल: nhrcdnj@nhrcnepal.org

**सम्पर्क कार्यालयहरु**

जनकपुरधाम, धनुषा, फोन नं. : ०४१-५२७२५०
बुटवल, रुपन्देही, फोन नं. : ०७१-५४६९११
दिक्तेल, खोटाङ फोन नं. : ०३६-४२०२८४
लिवाङ, रोल्पा फोन नं. : ०१९-४५७५४३
खलङ्गा, जुम्ला फोन नं. :

**वेवसाइट : www.nhrcnepal.org**



ब्रोर्सस नं. १६।७९।०६४ (के.का)


# संविधानसभा र मानव अधिकार

## मतदानको अधिकार मानव अधिकार




## राष्ट्रिय मानव अधिकार आयोग